**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

**प्रेस विज्ञप्ति**

२०७६ असार ११

**यातना रोकथाम गर्ने आफ्नो दायित्वलाई नेपाल सरकारले पुरा गर्नुपर्छ ।**

कानुन कार्यान्वयनको साधनको रूपमा यातनाको प्रयोगलाई नेपाल सरकारले अन्त्य गर्नुपर्दछ र यातना, स्वेच्छाचारी पक्राउ, तथा दुर्यवहारका पीडितहरूलाई प्रभावकारी कानुनी उपचारको सुनिश्चितता गर्नुपर्दछ, एम्नेस्टी इन्टरनेसनल नेपालले आज भन्यो ।

फौजदारी आरोपहरू प्रमाणित गर्ने एउटा तरिकाका रूपमा यातनालाई प्रयोग गर्नु नेपालको संविधान तथा नेपाल पक्ष राष्ट्र भएको राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (ICCPR) र यातनाविरुद्धको महासन्धि (CAT) विरुद्धको कार्य हो ।

यसको बर्खिलाप हुनेगरी नेपालका अधिकारीहरूले प्रमाण लिने एउटा तरिकाका रूपमा यातनालाई प्रयोग गर्न जारी राखेका छन् । एड्भोकेसी फोरमद्वारा हिजो प्रकाशित "सन् २०१८ मा यातनाका घटनाहरूको वृद्धि, नेपालले सामना गरिरहेको पुराना र नयाँ चुनौतीहरू" प्रतिवेदनले गत तीन वर्षमा यातनाका घटनाहरू पाँच प्रतिशतले बढेको जनाएको छ ।

दशक लामो द्वन्द्वका क्रममा भएका यातनासम्बन्धी अपराधका घटनाहरूलाई संबोधन गर्ने सवालमा पनि पर्याप्त कानुनी उपायहरू अवलम्वन गर्न नेपाल विफल भएको छ । द्वन्द्वकालका यातनापीडितहरूसमेतलाई अहिलेसम्म अन्तरिम राहत प्रदान गरिएको छैन । सरकारले फौजदारी संहितामा यातनालाई अपराधीकरण गरेको भएपनि यो पश्चातदर्शी आधारमा लागू हुँदैन ।

"द्वन्द्वकाल वा सामान्य अवस्था दुवैमा कुनै पनि स्वरूपको यातना दिनु वा दुर्यवहार गर्नु नेपालको मानवअधिकार दायित्वको बर्खिलाप हुन्छ र सरकारले यातनाका कुनै पनि घटनालाई अनुसन्धान र कारबाहीमार्फत संबोधन गरिएको सुनिश्चित गर्नुपर्दछ । यातना र दुर्यवहारमा संलग्न जिम्मेवार सबैलाई कुनै पनि ढिलाइ नगरी कानुनी कठघरामा उभ्याइनुपर्दछ", एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भने ।

नेपाल सरकारलाई आफ्नो फौजदारी अनुसन्धान प्रणालीमा सुधार गर्न एम्नेस्टी इन्टरनेसनल नेपाल आव्हान गर्दछ । यातनालाई अपराधीकरण गर्नुपर्छ र जारी तथा द्वन्द्व समयमा भएका यातना र अन्य दुर्व्यवहारका घटनामा जिम्मेवारहरूलाई अपराधको गाम्भीर्यताअनुसारको सजाय दिनुपर्छ ।

पीडितहरूलाई पर्याप्त क्षतिपूर्ति र परिपूरणको तत्काल व्यवस्था गरिनुपर्दछ । "आफ्नो कर्तव्य पालना गर्ने क्रममा सबै सुरक्षा निकायहरूले अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्दछ । प्रभावकारी जवाफदेहीता संयन्त्र लगायत विस्तृत सुधारहरूलाई संस्थागत गर्न हामी अधिकारीहरूलाई आग्रह गर्दछौं । मानिसको मर्यादाको अधिकारलाई अधिकारीहरूले सम्मान गर्नुपर्दछ" निराजन थपलियाले भने ।

**पृष्ठभूमि**

सन् १९९१ देखि नेपाल यातनाविरूद्धको महासन्धिको पक्ष राष्ट्र भएपनि यस सन्धिको मर्म विपरित नेपालमा यातनाका घटनाहरू बारम्बार हुँदै आएका छन् ।

सन् २०१९ को मे महिनामा "नेपालका लागी नेपाली" का अभियानकर्ता ज्ञानेन्द्र शाहीलाई गिरफ्तार गरी प्रहरी हिरासतमा कुटपिट गरी गम्भीर घाइते बनाइएको जनाइएको थियो । सन् २०१९ को अप्रिल महिनामा झापा जिल्लामा चोरीको आरोपमा प्रहरी हिरासतमा राखिएका १५ वर्षीय बालकको प्रहरी हिरासतमै मृत्यु भएको थियो । त्यस्तै सन् २०१८ को अगष्टमा बाँके जिल्लाका ३० वर्षीय राम मनोहर यादवको प्रहरी हिरासतमा मृत्यु भएको थियो । उनलाई स्वास्थ्यमन्त्रीको विरोध गरेको आरोपमा गिरफ्तार गरिएको थियो । उक्त घटना यातनाको कारणले भएको आशङ्का गरिएको भएपनि सोमाथि विश्वसनीय अनुसन्धान भएको छैन ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९७ डिसेम्बर १२ मा सङ्कल्प प्रस्ताव ५२/१४९ द्वारा २६ जुनलाई यातनापीडितको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरेको थियो । नेपालले यातनाविरुद्धको महासन्धिलाई वि.सं.२०४८ साल वैशाख ३१ गते अनुमोदन गरेको थियो भने यसको ऐच्छिक आलेखलाई अझै अनुमोदन गर्न बाँकी नै छ ।

नेपालको संविधानको धारा २२ ले पक्राउ "परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन" भनी प्रत्याभूत गरेको छ ।